नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,जुम्ला

# मनसुनजन्य विपद पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना ,२०७९

## १.पृष्ठभूमि (Objectives)

नेपाल कमजोर भौगर्भिक तथा भू धरातलीय वनोट, मौसमी विषमता तथा जलवायु परिर्वतन , निरन्तर दोहोरिने बहु प्रकोपका घटना , अव्यवस्थित पूर्वाधार विकास, असंवेदनशिल विकास निर्माण कार्य लगायतका कारण उत्पन्न विभिन्न प्राकृतिक र गैरप्राकृतिक विपदको सामना गर्न परिराखेको स्थितिमा रहेको छ । सक्रिय भूकम्पीय क्षेत्र , भौगर्भिकरुपमा गतिशिल पर्वतिय श्रृङ्खला , अस्थिर र भिरालो जमिनका कारण नेपाल विश्वमा भूकम्पीय जोखिको दृष्टिले ११ औ तथा बाढी पहिरोको दृष्टिकोणवाट ३० औ अति जोखिम मुलुकको रुपमा रहेको छ । विशेष गरी नेपाल प्राकृतिक प्रकोपका कारण विविध प्रकारका विपदहरूको जोखिममा रहेकाले हरेक बर्ष औसत ५०० भन्दा वढी विविध विपदका घटनाहरु हुने गर्दछन् परिणाम स्वरुप भौतिक संरचना तथा मानवीय क्षति हुन्छ र जीविकोपार्जनमा समेत असर पार्छ ।( पन्ध्रौ योजना) पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५ ) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरुले विपदका कारण आफ्नो ज्यान गुमाएका छन् । उच्च मृत्य दरको अलवा , उक्त अवधिमा ७५००० भन्दा वढी व्यक्तिहरु घाईते भएका छन् भने लगभग ३०००००० प्रभावित बनेका छन् । नेपालमा अधिकांश जिल्लाहरुमा लगातार विपद आउने गर्दछ ,जहाँ दुई वा दुई भन्दा धेरै प्रकारका प्रकोपवाट जनसंख्याको ९० प्रतिशत भन्दा वढी मृत्यको उच्च जोखिममा हुन्छन् ।(*विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० :१)*

नेपालको संविधानले प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनिकरण गर्न पूर्वसूचना , तयारी , उद्धार ,राहत एवम् पुनस्थापना गर्ने नीति अवलम्बन गर्दै विपद व्यवस्थापन सम्वन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ , प्रदेश र स्थानीय तहको साझा अधिकारका रुपमा राखेको छ । त्यसैगरी प्राकृतिक तथा गैरप्राकृतिक विपद पूर्वतयारी ,उद्धार राहत र पुनर्लाभ कार्य संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचिकृत गरिएको छ। विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन ,२०७४ तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली ,२०७६ ले विपद व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैह प्राकृतिक विपदबाट सर्बसाधारणको जिउ ज्यान र सार्बजानिक, निजि तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवंम सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नु राज्यको दायित्व सिर्जना हुने कुरा प्रष्ट गरेको छ । नेपाल सरकारले विपद जोखिम न्यूनिकरण राष्ट्रिय नीति ,२०७५ ले विपद जोखिमवाट सुरक्षित जलवायु अनुकुलित तथा उत्थानशिल राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने यस नीतिको दीर्घकालिन सोच राखिएको छ । पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/७७ – २०८०/८१) ले विपद जोखिमवाट सुरक्षित तथा उत्थानशिल नेपालको सोच लिएको छ । विपद प्रतिकार्यमा एकरुपता कायम गरी बहुसरोकारवाला बिच समन्वयात्मक रुपले प्रतिकार्य गर्न राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा ,२०७० ( प्रथम संशोधन ,२०७५) कार्यान्वयनमा ल्याईएको छ । विपद् उत्थानशिल समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुर्याउने सन्दर्भमा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यका लागि नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता कार्यान्वयन गर्न विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ल्याईएको छ।

जुम्ला जिल्लाका विगतका मनसुनजन्य घटनाहरूको प्रकृति हेर्दा आगलागी, डढेलो,सुख्खा पहिरो,बाढी लगायतका घटनाहरू घटेका छन्। यिनै मनसुनजन्य विपदका घटनाहरूको उद्दार, राहत, प्रतिकार्य, पुनर्स्थापना र पूनर्निर्माणका लागि यो कार्ययोजना तयार गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय जुम्ला

## २. उद्देश्यहरु (Objectives)

यस कार्ययोजना उद्देश्यहरु यस प्रकार रहेका छन्

१. मनसुनजन्य विपदका घटनाहरुको विश्लेषण गरी प्राथमिकता साथ पूर्व तयारी गर्नु ।
२. मनसुजन्य विपदका खोज उद्धार तथा राहतका सरोकारवाला बिच संचार तथा समन्वय गर्नु ।
३. जिल्ला भित्र विपद क्षेत्रमा कार्यरत निकाय सँग स्रोत साम्रगी , राहत रकम र उद्धार साम्रगी समयमै व्यवस्थापन गर्नु ।
४. स्थानीय तह र सुरक्षा निकायहरुमा तत्काल उद्धार कार्यमा खटिने QRT /RRT टोलीको क्षमता विकास गर्नु ।
५. मनसुनजन्य बिपद घटनाबाट हुने जनधन क्षति कम गरी सुरक्षित तथा उत्थानशिल समुदाय तयार गर्न मद्दत गर्नु।

## ३. रणनीतिहरु (Strategies)

यस कार्ययोजना कार्यान्वयन गर्न देहाय बमोजिम रणनीतिहरु आत्मसाथ गरिनेछ :-

१. जिल्ला भित्र विगतमा घटेका मनसुन जन्य विपदका घटना तथा सो बाट भएको क्षति विश्लेषण गरी प्राथमिकता तय गर्ने।
२. विपदमा खोज तथा उद्धारका लागि तत्काल परिचालित हुन र प्रतिकार्यमा हुने ढिला तथा अन्यौलता हटाउन जिम्मेवार तथा सहयोगी निकायको स्पष्ट जिम्मेवारी तोकी प्रभावकारी समन्वय तथा संचार अभिवृद्धि गर्ने। ।
३. जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय तह सँग राहत रकम न्यूनतम मौज्दात राखी गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समयमै माग गर्ने र जिल्ला भित्र विभिन्न सरोकारवाल सँग भएका उद्धार साम्रगी रोष्टर तयारी अवस्थामा राखिने ।
४. विपदका घटना घटेमा तत्काल खोज उद्धार गर्न पहिलो प्रतिकार्य (First Responder ) को रूपमा प्रत्येक स्थानीय तहमा विपद सम्पर्क व्यक्ति(Disaster Focal Person) तथा सबै सुरक्षा निकायमा QRT/RRT टोली गठन गरी तयारी अवस्थामा राखिने ।
५. मनसुनको समयमा विपद घटनाले बर्षेनी हुने धनजन क्षति कम गर्न समयमै पूर्व तयारी, पूर्व सूचना , प्रतिकार्य , उद्धार , राहत , पुनस्थापना र पुर्नलाभ समयमै गरी सुरक्षित तथा उत्थानशिल समुदाय तयार गर्न सघाउ पुग्नेछ ।
६. जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) तथा स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) को क्षमता अभिवृद्धि तथा स्तरोन्नति गर्ने।

## ४. अपेक्षीत उपलब्धि (Expected Outcome):

यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन मार्फत मनसुनजन्य विपदका घटनामा प्राथमिकताका आधारमा विपद पूर्व तयारी तथा प्रतिकार्य हुनेछ । सम्भावित जोखिम न्यूनिकरण तथा जनधनको क्षतिमा कमि भई सुरक्षित तथा विपद उत्थानशील समाज निर्माणको आधार तय हुने छ ।

प्रमुख जिल्ला अधिकारी
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

# मनसुनजन्य विपद पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना ,२०७९

| सि.न | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | विपद्को समयमा गरिने खोज तथा उद्धार पुन: स्थापन एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि जिल्लामा रहेका सरकारी तथा गैर-सरकारी निकायहरूको विवरण अध्यावधिक गर्ने। | • जिल्ला विपद् व्यवस्थापन समिति / जिल्ला प्रशासन कार्यालय | स्थानीय तहहरु / गैसस महासंघ | निरन्तर। |
| २ | बाढी, पहिरो, चट्याङ, आगलागीको जोखिममा रहेका वस्तीहरुको पहिचान गरी पूर्व सूचना दिने र सुरक्षित रहन संचार माध्यम मार्फत प्रचार प्रसार गर्ने। | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति<br>• स्थानीय विपद् व्यवस्थापन समितिहरु। | • स्थानीय तहहरु<br>• पत्रकार महासंघ, जुम्ला<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक एफ. एम्. | मनसुन अवधि भर निरन्तर |
| ३ | क) बाढी पहिरोका कारण राजमार्ग अवरोध आएमा तत्काल उद्धार सामग्री सहितको खोज तथा उद्धार कार्यमा खटिन तयारी हालत राख्ने।<br>ख) स्थानीय तहहरुले आ-आफ्नो Heavy Equipment'sआवश्यक पर्ना साथ प्रयोगमा ल्याउन मिल्ने र सक्ने गरी रणनीतिक स्थानमा राख्ने। | • सडक डिभिजन कार्यालय,जुम्ला।<br>• स्थानिय तह सबै | • जिल्ला विपद् व्यवस्थापन समिति।<br>• स्थानीय विपद् व्यवस्थापन समिति। | मनसुन अवधि भर निरन्तर |
| ४ | स्थानीय तहलाई मनसुन प्रतिकार्य पूर्वतयारी योजना तर्जुमा वा अध्यावधिक गरी Website समेतमा राखी DEOC मा जानकारी पठाउने। | • स्थानीय तह | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• जिल्ला सुरक्षा समिति। | • मनसुन अवधि भर निरन्तर |
| ५ | विपद उद्धार कार्यपश्चात राहत सामाग्रीहरु वितरणको लागि जिल्ला एवं स्थानीयस्तरमा भण्डारणको व्यवस्था मिलाउने। | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • खाद्य संस्थान, उद्योग वाणिज्य संघ, | • निरन्तर |
| ६ | Disaster Preparedness &Response Plan (DPRP) अद्यावधिक गर्ने। | • जिल्ला विपद् व्यवस्थापन समिति | • विपद् व्यवस्थापनमा कार्यरत संघ संस्था | • श्रावण मसान्त सम्म |
| ७ | जिल्ला विपद उद्धार कार्य पश्चात तत्काल राहत प्रदान गर्न जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा न्युनतम रकम राख्नको लागी रकम गृह मन्त्रालयमा माग गर्ने । | • जिल्ला प्रशासन कार्यालय | • गृह मन्त्रालय | • निरन्तर |
| ८ | जिल्ला स्थित सुरक्षा निकायहरुमा तत्काल खोजतलास र उद्धार कार्यका | • जिल्ला सुरक्षा समिति | • जिल्ला सुरक्षा समिति | • निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | लागी QRT / RRT तयारी अवस्थामा राख्ने । | | | |
| ९ | जिल्लास्थित सबै सुरक्षा निकाय र स्थानीय तहले विपद् सम्बन्धी सर्म्पक व्यक्ति फोकल पर्सन तोक्ने । | • जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह | • संचार जगत प्रचार प्रसार गर्ने । | • तत्काल |
| १० | Contingency Plan तयार गरी उद्धार टोलीलाई समय-समयमा Drill and simulation अभ्यास आयोजना गर्ने । | • सुरक्षा निकाय | • जिल्ला विपद व्यवस्थापन समिति लगायत जिल्ला स्थित अन्य जिम्मेवार निकाय | • मनसुन अवधिभर |
| ११ | विपद् पश्चात खोज तथा उद्धार कार्यमा खटिन तयारी अवस्थामा रही आवश्यक न्युनतम सामाग्री तथा Heavy Equipment रणनैतिक अवस्थामा राख्ने। | • जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC)<br>• सडक डिभिजन कार्यालय,जुम्ला<br>• जिल्ला सुरक्षा समिति<br>• स्थानीय तह सबै | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | • मनसुन अवधिभर निरन्तर |
| १२ | जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) को स्तरोन्नति गरी तयारी अवस्थामा राख्ने। | • जिल्ला प्रशासन कार्यालय,जुम्ला<br>• सुरक्षा निकाय | • गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र (NEOC)<br>• जिल्ला सुरक्षा समिति | • मनसुन अवधिभर निरन्तर |
| १३ | बाढी पहिरो एवं आगलागी नियन्त्रण सम्बन्धि विद्यालय एवं समुदायस्तर सम्म सचेतनामूलक कार्यक्रम सञ्चालन। | • जिल्ला प्रशासन कार्यालय,सुरक्षा निकाय,स्थानीय तह | • संचार माध्यम<br>• विद्यालय एवं समुदायस्तर | • मनसुन अवधिभर निरन्तर |
| १४ | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना एवं स्तरोन्नति । | • जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC)<br>• जिल्ला प्रशासन कार्यालय | • स्थानीय तह सबै | • निरन्तर |

## ५. उपलब्ध श्रोत साधनको परिदृश्य (Landscape of Available Resources)

१. **नेपाली सेना तर्फ;- २४ नं. बाहिनी अड्डा जुम्ला र नन्दा बक्स गण जुम्लाबाट विपदको बेलामा समन्वयन गरी आवश्यकता अनुसार उद्धार सामाग्री तथा जनशक्ति उपलब्ध हुने गरेको ।**

२. **विपद्को समयमा तत्काल परिचालन गर्ने गरी तयारी अवस्थामा रहेका तालिम प्राप्त दक्ष जनशक्तिसहितको RRT/QRT जनशोक्तिको विवरण निम्मानुसार रहेको छ ।**

| क्र. सं. | संस्था | तालिम प्राप्त जनशक्ति |
|---|---|---|
| १ | नेपाली सेना नन्दाबक्स गण | १०० |
| २ | नेपाल प्रहरी | १०० |
| ३ | सशस्त्र प्रहरी बल नं. ३३ गण | १०० |
| ४ | नेपाल रेडक्रस सोसाइटी, जुम्ला | ५० |
| ५ | अन्य संघ संस्थाहरू | ५० |

(श्रोत:जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८, जुम्ला)

३. जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) मा रहेका विपद् उद्धार सामाग्रीहरुको विवरण

| सि.नं. | सामानहरुको नाम | परिमाण | साबुत | बेसाबुत | कै |
|---|---|---|---|---|---|
| १ | बेल्चा | ६७ थान | ५९ थान | ८ थान | |
| २ | साबेल सानो | १२ थान | १२ थान | - | |
| ३ | सावेल ठूलो | १७ थान | १७ थान | - | |
| ४ | क्रोबर | ९ थान | ९ थान | - | |
| ५ | फायर लेदर | ६ थान | ३ थान | ३ थान | |
| ६ | बन्चरो | ७ थान | ७ थान | - | |
| ७ | घन | १ थान | १ थान | - | |
| ८ | पिक | १ थान | १ थान | - | |
| ९ | फायर भर्याङ्ग | २ थान | २ थान | - | |
| १० | म्याट्रेस | ४३ थान | ४३ थान | - | |
| ११ | फायर एक्सटिङगुइसर | ४ थान | ४ थान | - | |
| १२ | बोल्ड कटर | २ थान | २ थान | - | |
| १३ | हेल्मेट | ४४ थान | ४४ थान | - | |
| १४ | लेदर बुट | ६ जोर | ६ जोर | - | |
| १५ | वाटर बुट | १४ जोर | १४ जोर | - | |
| १६ | हाइड्रोलिक पम्प | २ थान | १ थान | १ थान | |
| १७ | फायर सुट | १० थान | १० थान | - | |
| १८ | रवर ट्युव | १९ थान | १९ थान | - | |
| १९ | लाइन डोरी | १ थान | १ थान | - | |
| २० | रोव | १ थान | १ थान | - | |
| २१ | अक्सिजन सिलिन्डर | १ थान | १ थान | - | |
| २२ | मेघाफोन | ३ थान | ३ थान | - | |
| २३ | लेदर पञ्जा | १२ जोर | १२ जोर | - | |
| २४ | लेदर फायर सुट | २ थान | २ थान | - | |
| २५ | लाइफ ज्याकेट | ६ थान | ६ थान | - | |
| २६ | स्ट्रेचर | १५ थान | १५ थान | - | |
| २७ | त्रिपाल | ७ थान | ७ थान | - | |
| २८ | टेन्ट | २ थान | २ थान | - | |

४. जिल्लामा रहेका हेलिप्याड विवरण

| सि.न. | स्थानीय तह | वडा नं. | हेलिकप्टर बस्न सक्ने स्थान |
|---|---|---|---|
| १ | चन्दननाथ नगरपालिका | २ | २४ नं. वाहिनी |
| २ | चन्दननाथ नगरपालिका | १ | गण (नेपाली सेना) |
| ३ | चन्दननाथ नगरपालिका | १ | जुम्ला एयरपोर्ट |

५. एम्बुलेन्स सेवाको विवरण

| सि.न. | कार्यालय/संस्थाको नाम | चालक | |
|---|---|---|---|
| | | नाम | सम्पर्क नं. |
| १ | पातारासी गा. पा. | खड्क बहादुर बुढा | ९८६३१६३५१२/९७४८०७८९८९ |
| २ | सिंजा गा. पा. | कृष्ण बहादुर रोकाया | ९८६८३६८२०३ |
| ३ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान,जुम्ला | चालक | ०८७-५२०११५/९८४८९४१६६६ |

६. विपद व्यवस्थापनको लागि स्थानीय तहका जिम्मेवार पदाधिकारीहरु

| सि.न. | स्थानीय तहको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | चन्दननाथ न.पा. | लक्ष्मीचन्द्र न्यौपाने | ९८४८३०००२७ |
| २ | हिमा गा.पा. | लोक प्र. उपाध्याय | ९८४८३०२०६२ |
| ३ | पातारासी गा.पा. | जन महतारा | ९८५८४८१५५५ |
| ४ | गुठिचौर गा.पा. | अम्मरराज गिरी | ९८५८३६८०० |
| ५ | तिला गा.पा. | जग बहादुर बस्नेत | ९८५८३६६२६६ |
| ६ | कनकासुन्दरी गा.पा. | झरना वाली | ९८४८३१९३११ |
| ७ | तातोपानी गा.पा. | अंगराज डांगी | ९७४८१०१२४७ |
| ८ | सिंजा गा.पा. | तिला चन्द्र चौलागाई | ९८६९८७२२७१ |

## ७. विपद व्यवस्थापनको लागि जिल्ला स्तरमा जिम्मेवार पदाधिकारीहरु

| सि.नं. | कार्यालयको नाम | पद | प्रमुख | सम्पर्क नं. | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. | विजया कुमारी प्रसाई | ९८५८३२७७७७ | प्रमिला रिजाल<br>देवकी रावत | ९८५८३२०३८०<br>९८५८३२०७३० |
| २ | नन्दा बक्स गण | प्र.से. | रविन थापा | ९८५११७७०३३ | दिनेश न्यौपाने | ९८५१०११६३४ |
| ३ | सशस्त्र प्रहरी बल न. ३३ गण | स.प्र.अ. | चित्राङ्गत दाहाल | ९८५११४८३३७ | शंकर सिंह धामी | ९८४८७२९२८३ |
| ४ | जिल्ला प्रहरी कार्यालय | प्र.ना.उ. | नरेन्द्र चन्द | ९८५८३२५५५५ | नविन थापा मगर | ९८५८०९०८२१ |
| ५ | राष्ट्रिय अनुसन्धान जुम्ला | प्र.अ.अ. | राज कुमार न्यौपाने | ९८५८३२२०१८ | जिवन कुमार खड्का | ९८४३३८१८७६ |

१ जिल्ला प्रशासन कार्यालय प्र.जि.अ. विजया कुमारी ९८५८३२७७७७ प्रमिला रिजाल ९८५८३२०३८०